# आधारभूत तह (कक्षा १-३)

# थारू भाषा पाठ्यक्रम

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएको मुलुक हो । भाषिक दृष्टिकोणले नेपालमा बोलिने विभिन्न मातृभाषाहरूमध्ये थारू जातिको मातृभाषा थारू भाषा हो । यो भाषा भारोपेली भाषा परिवारभित्र पर्छ । संविधानको मौलिक हकअन्तर्गत शिक्षासम्बन्धी प्रावधान तथा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को व्यवस्थाअनुरूप मातृभाषाको संरक्षण, प्रवर्धन र विकासमा योगदान तथा पठनपाठनका माध्यमबाट बालबालिकाको प्रारम्भिक सिकाइमा सहयोग पुर्‍याउने दीर्घकालीन लक्ष्य पूरा गर्न आधारभूत तह कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाका लागि थारू भाषाको पाठ्यक्रम विकास गरिएको हो ।

यस पाठ्यक्रम विकासको मुख्य अपेक्षा थारूभाषी बालबालिकामा थारू भाषाको आधारभूत सञ्चार तथा अभिव्यक्ति सिप विकास गर्नुका साथै स्तरअनुसार नयाँ विषयवस्तुको ज्ञानसमेत आर्जन गर्नु हो । अतः यस पाठ्यक्रमले सम्बन्धित व्यक्ति, समाज र राष्ट्रको अपेक्षालाई सक्षमता र सिकाइ उपलब्धि खण्डमार्फत समेटेको छ । उक्त सक्षमता र सिकाइ उपलब्धिलाई भाषिक सिप र पक्षका आधारमा विकास गरिएको छ भने उक्त सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि विभिन्न विषयक्षेत्र छनोट गरिएका छन् । पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्रलाई सिकाइ सहजीकरणका विषयवस्तु र माध्यमका रूपमा लिइएको छ । उक्त विषयक्षेत्रको सिकाइ सहजीकरणबाट बालबालिकामा थारू भाषाको भाषिक सिप विकास हुनुका साथै भाषिक संरचनाका बारेमा समेत अपेक्षित ज्ञान तथा बोध हुने गरी विषयवस्तुको क्षेत्र र क्रम खण्डमा विषयवस्तुलाई सन्तुलित ढङ्गबाट सङ्गठित गरिएको छ । यस पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्र, सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई एकीकृत उपागमको सिद्धान्तअनुसार निर्माण गरिएको छ । यस पाठ्यक्रमले माथिल्ला कक्षामा थारू भाषाको निरन्तर अध्ययन अध्यापनका लागि समेत आधारशिला तयार गर्ने अपेक्षा राखिएको छ ।

पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयक्षेत्रको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन जस्ता अवयवहरूका आधारमा संरचित गरिएको छ । पाठ्यक्रमले समावेश गरेको अपेक्षा हासिल गर्न उक्त अवयवहरूको एकअर्कासँग अन्तरसम्बन्धित र समन्वयात्मक हुने गरी कार्यान्वयन गर्नुपर्ने छ । विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन क्रममा पूर्ण रूपमा निर्माणात्मक मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्ने छ ।

## २. तहगत सक्षमता

यस शिक्षाको अन्त्यसम्ममा विद्यार्थीहरूले निम्नलिखितका सक्षमता हासिल गर्न छन्:

(क) थारू भाषाका वर्ण,मात्रा र ध्वनि पहिचान र उच्चारण
(ख) कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार
(ग) चित्र, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र अभिव्यक्ति
(घ) श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको बोध एवम् भाषिक कार्य प्रदर्शन
(ङ) प्रवाहपूर्ण पठन, उपयुक्त बोध र अभिव्यक्ति
(च) शब्दभण्डार वृद्धि, पठन तथा रचना सिप विकास
(छ) थारू संस्कृति, परम्परा र रीतिरिवाजमा आधारित विषयवस्तुको लिखित प्रस्तुति.

## ३. कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १. ध्वनिका आधारमा वर्ण तथा शब्द पहिचान र उच्चारण गर्न<br>२. गीत तथा कवितालाई गति र लय मिलाई गाउन<br>३. शब्द अनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न<br>४. विभिन्न शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल र मौखिक प्रश्नोत्तर गर्न<br>५. सङ्केतक जोडी विभिन्न आकृति र चित्र निर्माण गर्न<br>६. वर्ण, शब्द, वाक्य र अनुच्छेदको अनुलेखन गर्न<br>७. शब्दका अक्षर छुट्याएर, जोडेर, थपेर, हटाएर नयाँ शब्द निर्माण गर्न<br>८. वर्णक्रम मिलाई पढ्न र लेख्न<br>९. वर्ण, शब्द तथा सरल वाक्यको श्रुतिलेखन गर्न<br>१०. पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न | १. ध्वनिका आधारमा शब्दको पहिचान गरी उच्चारण गर्न<br>२. द्वित्व र महाप्राण वर्ण प्रयोग भएका शब्दहरूको पहिचान गरी उच्चारण गर्न<br>३. गति, यति र लय मिलाएर बालगीत र कविता गाउन<br>४. पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न<br>५. कुराकानी र संवादमा सहभागी भई मौखिक प्रश्नोत्तर गर्न<br>६. विभिन्न शीर्षक, परिवेश र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर र तुलना गर्न<br>७. चित्र हेरी घटनाको पूर्वानुमान गर्न<br>८. निर्दिष्ट अनुच्छेदको सस्वर वाचन गर्न<br>९. चित्र निर्माण गरी रङ भर्न<br>१०. शब्दका अक्षर छुट्याउन, जोड्न, थप्न, हटाउन र परिवर्तन गरेर नयाँ शब्द निर्माण गर्न | १. द्वित्व र महाप्राण वर्ण प्रयोग भएका शब्दहरूको पहिचान, उच्चारण र अर्थबोध गर्न<br>२. शब्दका अक्षर छुट्याउन, जोड्न, थप्न, हटाउन र परिवर्तन गरेर नयाँ शब्द निर्माण गर्न<br>३. गति, यति, लय र हाउभाउ मिलाएर सस्वर वाचन र द्रुत पठन गर्न<br>४. घटना तथा छोटा कथा सुनेर पुनर्कथन गर्न<br>५. निर्देशनका आधारमा अभिनय/प्रतिक्रिया जनाउन<br>६. विभिन्न शीर्षक, परिवेश र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर र तुलना गर्न<br>७. पाठमा दिइएको अनुच्छेद पढी विषयवस्तुको बोध गर्न<br>८. चित्र कोर्न तथा वर्णन गर्न<br>९. पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न<br>१०. हलन्त र संयुक्त वर्ण प्रयोग भएका शब्दको पहिचान, उच्चारण र अर्थबोध गर्न |

| | | |
|---|---|---|
| ११. पाठगत परिवेश, पात्र र सन्दर्भको पहिचान, छलफल, मौखिक प्रश्नोत्तर गर्न<br>१२. पूर्णविराम चिह्नको पहिचान र प्रयोग गर्न | ११. पाठमा दिइएको अनुच्छेद पढी विषयवस्तुको बोध गर्न<br>१२. पदसङ्गति मिलाई सरल वाक्य निर्माण गर्न<br>१३. शब्द र वाक्यको अनुलेखन, र श्रुतिलेखन गर्न<br>१४. पूर्णविराम र प्रश्नवाचक चिह्नको पहिचान एवम् प्रयोग गर्न | ११. बाल शब्दकोशको प्रयोग गर्न<br>१२. वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न<br>१३. निर्देशित तथा स्वतन्त्र रूपमा सरल अनुच्छेद लेख्न<br>१४. पदसङ्गति मिलाई सरल वाक्य निर्माण गर्न<br>१५. पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक र योजक चिह्नको पहिचान तथा प्रयोग गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### कक्षा १

| विषयक्षेत्र | विषयवस्तु | सुनाइ बोलाइ | पढाइ | लेखाइ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वर्ण | स्वर वर्ण<br>मात्रा सङ्केत | • गीत तथा कविताको सुनाइ र लय मिलाई गायन<br>• वर्णका ध्वनि उच्चारण<br>• वर्णभेदसहित शब्द उच्चारण<br>• शब्दको सुरु, बिच र अन्त्यमा प्रयोग भएका वर्ण पहिचान<br>• मात्रा लागेका वर्ण उच्चारण | • वर्ण सङ्केत पहिचान गरी शुद्धसँग पठन<br>• मात्रा सङ्केत पहिचान गरी शब्द उच्चारण | • थोप्ला थोप्ला जोडेर वर्ण लेखन<br>• स्वर वर्ण र मात्राको अनुलेखन<br>• शब्दको खाली ठाउँमा उपयुक्त वर्ण लेखन | १५ |
| | व्यञ्जन वर्ण, मात्रा लागेका वर्ण र वर्णक्रम तथा चन्द्रविन्दु पाउविन्दु | • गीत तथा कविताको सुनाइ र लय मिलाई वाचन<br>• सुनेर वर्णका ध्वनि शुद्धसँग उच्चारण<br>• वर्ण भेदसहित शब्द उच्चारण<br>• सुनाइका आधारमा शब्दको सुरु, बिच र अन्त्यमा प्रयोग भएका व्यञ्जन वर्ण पहिचान<br>• चन्द्रविन्दु र पाउविन्दु लागेका शब्द सुनाइ तथा उच्चारण | • वर्ण पहिचान गरी शुद्धसँग पठन<br>• मात्रा लागेका वर्ण पठन<br>• वर्ण क्रम मिलाई शुद्धसँग पठन<br>• शब्दमा लागेका चन्द्रविन्दु र पाउविन्दु पहिचान र पठन | • थोप्ला थोप्ला जोडेर वर्ण लेखन<br>• मात्रा लागेका वर्णहरूको अनुलेखन<br>• मात्रासहितको वर्ण लेखन<br>• शब्दको खाली ठाउँमा उपयुक्त वर्ण लेखन<br>• वर्णक्रम मिलाई लेखन<br>• चन्द्रविन्दु र पाउविन्दु लागेका शब्दको अनुलेखन | ३५ |
| म र मेरो परिवार | व्यक्तिगत परिचय<br>शिष्टाचार | • स्थानीय गीतको सुनाइ र लय मिलाई गायन<br>• शब्दको सुनाइ र उच्चारण<br>• शब्दको वर्ण अलग गरेर उच्चारण<br>• निर्देशन सुनेर अभिवादन | • चित्र वर्णन<br>• शिक्षकको सहयोगमा गीत गायन<br>• वर्ण र शब्द शुद्धसँग पठन<br>• छोटा प्रश्नको मौखिक उत्तर | • सङ्केतकका आधारमा चित्र कोराइ<br>• शब्दको सुरुको वर्ण पहिचान गरी चित्रसँग जोडा मिलान<br>• खाली ठाउँमा उपयुक्त वर्ण भराइ | १० |
| मेरो दैनिकी | समय र क्रियाकलाप | • दैनिक समय (प्रहर) जनाउने शब्द सुनेर उच्चारण<br>• वर्ण जोडेर शब्द कथन<br>• दैनिक समयअनुसारको क्रियाकलाप | • चित्रका आधारमा छलफल<br>• वर्ण अलग गरेर शब्द पठन<br>• मौखिक प्रश्नोत्तर | • शब्दको सुरुको वर्ण मिल्ने चित्रसँग जोडा मिलान<br>• वर्ण र शब्दको अनुलेखन<br>• चित्रमा रङ भराइ | १० |
| मेरो विद्यालय | विद्यालयको परिचय | • शब्द सुनेर उच्चारण<br>• शब्दको वर्ण छुट्याई कथन<br>• चित्रको वर्णन | • चित्र हेरेर एक आपसमा प्रश्नोत्तर<br>• पाठमा प्रयुक्त शब्द पठन<br>• मौखिक प्रश्नोत्तर | • मिल्ने वर्ण जोडेर शब्द निर्माण<br>• पाठगत शब्दको अनुलेखन<br>• थोप्ला जोडी आकृति निर्माण | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| **हाम्रो समुदाय र संस्कृति** | चाडपर्व र खानपान | • चाडपर्वको नाम सुनाइ र कथन<br>• चन्द्रविन्दु लागेका शब्द उच्चारण<br>• मौखिक प्रश्नोत्तर | • चित्र हेरेर खानाको परिकार कथन<br>• सरल वाक्य पठन<br>• चन्द्रविन्दु लागेका शब्द पहिचान र पठन | • दुई वर्णले बनेका विषयक्षेत्रसम्बद्ध शब्द लेखन<br>• चन्द्रविन्दु लागेका शब्दको अनुलेखन<br>• शब्द र चित्रबिच जोडा मिलान<br>• सङ्केतकका आधारमा चित्र कोराइ | १० |
| **स्थानीय प्रविधि** | घरायसी प्रविधिका साधन | • घरायसी साधनहरूका नाम सुनाइ र उच्चारण<br>• शब्दमा रहेका उस्तै उस्तै ध्वनि सुनिने वर्ण पहिचान र उच्चारण<br>• हाउभाउ र अभिनयसहित शब्द उच्चारण | • चित्र पहिचान गरी नाम कथन<br>• वर्ण पहिचान गरी सस्वर वाचन<br>• प्रश्नको मौखिक जवाफ<br>• पाठमा प्रयुक्त शब्द पठन | • उस्तै ध्वनि सुनिने वर्णको श्रुतिलेखन<br>• शब्दको अनुलेखन<br>• चित्र र शब्दको जोडा मिलान<br>• थोप्ला थोप्ला जोडेर चित्र निर्माण | १० |
| **वातावरण** | घर वरपरको वातावरण | • घर वरपरका वस्तुहरूको नाम सुनाइ र कथन<br>• पाउविन्दु लागेका शब्द उच्चारण<br>• ध्वनि सुनाइका आधारमा वस्तु पहिचान | • चित्रका बारेमा छलफल<br>• पाउविन्दु लागेका शब्द प्रयोग भएका वाक्य पठन<br>• प्रश्नको मौखिक जवाफ | • सङ्केतकका आधारमा चित्र लेखन<br>• पाउविन्दु लागेका शब्द प्रयोग भएका वाक्यको अनुलेखन<br>• चित्रसँग मिल्ने शब्दको जोडा मिलान | १० |
| **मेरो सिर्जना** | बाल गीत, चित्र, कथा | • लय हालेर गीत गायन<br>• आवाज सुनेर वस्तु पहिचान<br>• शिक्षकले उच्चारण गरेका शब्दको वर्ण छुट्याइ<br>• शिक्षकको सहयोगमा कथा सुनाइ पुनर्कथन<br>• चित्रको वर्णन | • गति, यति र लय मिलाई सस्वर वाचन<br>• अनुच्छेदमा प्रयोग भएका वस्तु तथा जीव जनावरको आवाज जनाउने शब्द पहिचान<br>• पाठमा प्रयोग भएका नयाँ शब्द पठन | • सङ्केतकका आधारमा चित्र निर्माण<br>• सरल वाक्य लेखन<br>• चित्र र शब्दबिच जोडा मिलान<br>• पाठबाट शब्दका सुरुमा निर्दिष्ट पहिलो वर्ण भएका शब्दसूची निर्माण | १० |
| **पेसा र बजार** | हाम्रो पेसा | • पेसा जनाउने शब्दहरू सुनाइ र उच्चारण<br>• मौखिक प्रश्नोत्तर र छलफल<br>• आफ्नो परिवारका सदस्यहरूको पेसा पहिचान | • चित्र बोध<br>• पाठमा प्रयुक्त शब्दको शुद्धसँग पठन<br>• पाठसम्बद्ध बोध प्रश्नको उत्तर | • खाली ठाउँमा मिल्ने शब्द भरी वाक्य निर्माण<br>• वाक्यसँग मिल्ने शब्दबिच जोडामिलान<br>• पेसासम्बद्ध शब्दको सूची निर्माण<br>• सङ्केतका आधारमा चित्र निर्माण | १० |
| **हाम्रो स्वास्थ्य** | • शरीरका अङ्ग<br>• सरसफाइ | • शरीरका बाहिरी अङ्गहरूको नाम सुनेका आधारमा पहिचान<br>• सरसफाइसम्बद्ध शब्दको सुनाइ र शुद्धसँग उच्चारण<br>• शिक्षकको सहयोगमा चित्र वर्णन | • चित्रका आधारमा प्रश्नोत्तर<br>• गति, यति र लय मिलाई सस्वर वाचन<br>• पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान गरी पठन | • सङ्केतकका आधारमा शरीरको बनाई नाम लेखन<br>• प्रश्नको सही उत्तर छानेर लेखन<br>• शब्दसँग मिल्ने चित्रको जोडा मिलान | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पाठगत विषयवस्तुको बोध | • पाठबाट शब्दको सुरुमा निर्दिष्ट वर्ण भएका शब्द सूची निर्माण | |
| **सूचना तथा सञ्चार प्रविधि** | • सूचना प्रविधि र सञ्चार साधन | • सूचना प्रविधिसँग सम्बन्धित शब्द उच्चारण<br>• सूचना तथा सञ्चारका साधनहरूको नाम कथन<br>• सञ्चार माध्यम प्रयोग गर्दै संवादको अभिनय | • चित्रका आधारमा प्रश्नोत्तर<br>• हाउभाउसहित सस्वर वाचन<br>• पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान गरी अर्थबोध<br>• पाठगत विषयवस्तुको बोध | • खाली ठाउँमा उपयुक्त वर्ण प्रयोग गरी शब्द लेखन<br>• दिइएका सही विकल्प छानेर वाक्य पूरण<br>• पाठगत शब्दको श्रुतिलेखन | १० |
| **खेलकुद** | • स्थानीय खेल<br>• खेल सामग्री | • स्थानीय खेलहरूको नाम सुनाइ<br>• खेलअनुसारका सामग्री पहिचान<br>• सुनेका आधारमा स्थानीय खेलको नियम कथन<br>• चित्रका आधारमा मौखिक प्रश्नोत्तर | • चित्र वर्णन<br>• गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• पाठगत शब्दको अर्थबोध<br>• पाठगत विषयवस्तुको बोध | • चित्रसँग मिल्ने शब्दको जोडा मिलान<br>• खेलसम्बद्ध शब्दको सूची निर्माण<br>• खेल सामग्रीको सामान्य चित्र निर्माण<br>• सरल वाक्यको श्रुतिलेखन | १० |
| जम्मा | | | | | १६० |

## कक्षा २

| **विषयक्षेत्र** | **विषयवस्तु** | **सुनाइ र बोलाइ** | **पढाइ** | **लेखाइ** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|
| **वर्ण** | द्वित्व वर्ण | • सुनेका आधारमा द्वित्व वर्ण प्रयोग भएका शब्द शुद्धसँग उच्चारण<br>• सुनेका आधारमा द्वित्व वर्ण पहिचान र विभेदीकरण | • द्वित्व वर्ण प्रयोग भएका शब्द पठन<br>• अनुच्छेदमा द्वित्व वर्ण प्रयोग भएका शब्द पहिचान<br>• द्वित्व र संयुक्त स्वर वर्ण पहिचान र पठन | • द्वित्व वर्ण प्रयोग भएका शब्द लेखन<br>• द्वित्व र स्वर वर्ण प्रयोग भएका शब्दहरूको उपयुक्त प्रयोग | **१०** |
| | महाप्राण/संयुक्त वर्ण | • सुनेका आधारमा महाप्राण/संयुक्त वर्णको ध्वनि उच्चारण<br>• शब्दमा महाप्राण/संयुक्त वर्णको पहिचान र उच्चारण | • महाप्राण/संयुक्त वर्ण प्रयोग भएको शब्दसहितको अनुच्छेद पठन<br>• महाप्राण/संयुक्त वर्ण प्रयोग भएका वर्णमा आधारित चित्र वर्णन | • महाप्राण/संयुक्त वर्ण प्रयोग भएका शब्द श्रुतिलेखन<br>• महाप्राण/संयुक्त वर्ण प्रयोग भएका शब्दहरूको उपयुक्त प्रयोग<br>• चित्र र शब्द पत्तीसँग जोडा मिलान | **१०** |
| **म र मेरो परिवार** | परिवार र नाता परिचय | • नातासम्बद्ध शब्दको सुनाइ र उच्चारण<br>• परिवारका सदस्यहरूको परिचय<br>• साथीहरूको परिचय | • चित्र पठन तथा वर्णन<br>• गति, यति र लय मिलाई सस्वर वाचन | • पाठगत अनुच्छेदको अनुलेखन<br>• पाठगत प्रश्नोत्तर लेखन | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पाठगत नयाँ शब्द पहिचान र पठन<br>• अनुमान र कल्पना गरी मौखिक प्रस्तुति | • वर्ण जोडेर र अलग गरेर शब्द लेखन<br>• खाली ठाउँमा उपयुक्त शब्द भरण<br>• चित्र तथा आकृतिमा रङ भराइ | |
| **मेरो दैनिकी** | दैनिक प्रयोग हुने वस्तु तथा क्रियाकलाप | • सम्मानबोधक शब्दको उच्चारण र प्रयोग<br>• दैनिक प्रयोग हुने सामानहरूको नाम<br>• दैनिक समय (प्रहर) अनुसार गरिने क्रियाकलाप<br>• शब्दको प्रयोग गरी मौखिक वाक्य निर्माण<br>• चित्र वर्णन | • चित्रका आधारमा प्रश्नोत्तर<br>• हाउभाउसहित पाठ पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान र अर्थबोध<br>• पाठगत विषयवस्तुको बोध | • पाठगत अनुच्छेदको अनुलेखन<br>• विषयवस्तुका आधारमा शब्द भरण र वाक्य पूरण<br>• सरल प्रश्नोत्तर | १२ |
| **मेरो विद्यालय** | विद्यालय गतिविधि | • पाठमा प्रयोग भएका शब्द उच्चारण<br>• विद्यालयमा गरिने क्रियाकलापका बारेमा छलफल<br>• विद्यालयको परिचय<br>• श्रव्यसामग्रीको श्रुति र बोध | • चित्र पठन र वर्णन<br>• हाउभाउ, गति, यति, भाव र शुद्धतासहित गद्य पाठ पठन<br>• सूचनामूलक सामग्री (पोस्टर, तालिका) बाट विषयवस्तुको बोध<br>• पाठगत विषयवस्तुको बोध | • सरल वाक्यको श्रुतिलेखन<br>• विषयवस्तुको सिलसिला र क्रम मिलान<br>• लेख्यचिह्नको प्रयोग गरी लेखन अभ्यास | १२ |
| **हाम्रो समुदाय र संस्कृति** | बालपर्व, नाचगान, गीत | • बालपर्वको गतिविधिको अभिनय<br>• बालगीत गायन<br>• बालपर्वमा प्रयोग हुने शब्दको उच्चारण<br>• दृश्य सामग्रीका आधारमा छलफल तथा प्रतिक्रिया | • चित्र हेरी हाउभाउसहित वर्णन<br>• गति, यति र लय मिलाई सस्वर वाचन<br>• पाठगत तथ्य, सन्दर्भ पात्र र घटना पहिचान र प्रस्तुति<br>• एकल, युगल र समूहमा वाचन | • पाठगत प्रश्नोत्तर लेखन<br>• पाठका नयाँ शब्दहरूको अर्थलेखन<br>• छ्यासमिसे शब्दहरूको क्रम मिलाई अर्थपूर्ण वाक्य लेखन<br>• सरल वाक्यको श्रुतिलेखन | १२ |
| **स्थानीय प्रविधि** | समुदायमा प्रयोग गरिने प्रविधिका साधन | • स्थानीय प्रविधिको नाम सुनाइ शुद्ध उच्चारण<br>• समुदायमा प्रयोग हुने प्रविधिको बारेमा छलफल तथा प्रश्नोत्तर<br>• श्रव्य सामग्रीको श्रुति र बोध | • चित्र वर्णन<br>• गति, यति र लय मिलाई सस्वर वाचन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको पहिचान अर्थबोध<br>• उस्तै उस्तै ध्वनि सुनिने शब्द पठन<br>• पाठगत विषयवस्तुको बोध | • पाठगत प्रश्नोत्तर लेखन<br>• उस्तै उस्तै सुनिने शब्दको फरक फरक वाक्यको अनुलेखन<br>• खाली ठाउँमा उपयुक्त शब्द भरण<br>• चित्रसँग मिल्ने वाक्यमा जोडा मिलान<br>• समुदायमा प्रयोग हुने साधन वा प्रविधिको चित्रमा रङ भरण | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| **वातावरण** | विद्यालय वरपरको वातावरण | • दुईओटा शब्द मिलेर बनेका सयुक्त शब्दको उच्चारण<br>• चित्र हेरेर वस्तुको पहिचान र वर्णन<br>• अनुमान र कल्पना गरी मौखिक वर्णन<br>• श्रव्य सामग्रीको श्रुति र बोध | • चित्र हेरी हाउभाउसहित वर्णन<br>• लेख्यचिह्न पहिचान गरी पाठ पठन<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ पठन<br>• पाठगत विषयवस्तुको बोध | • वातावरणमा पाइने प्राण भएका र नभएका बस्तुको सूचीकरण<br>• मिल्ने लेख्यचिह्न प्रयोग गरेर वाक्यको अनुलेखन<br>• चित्रसँग मिल्ने वाक्य जोडा मिलान<br>• उपयुक्त शब्द छनोट गरी वाक्य पूरण<br>• वातावरण झल्किने चित्र लेखन र रङभरण | १४ |
| **मेरो सिर्जना** | माटो तथा घाँसपातबाट निर्माण गरिने वस्तु | • माटो तथा घाँसपातबाट निर्मित सामग्रीसम्बद्ध शब्दको शुद्ध उच्चारण<br>• माटो तथा घाँसपातबाट निर्मित सामग्रीसम्बद्ध चित्र वर्णन<br>• शब्दमा वर्ण जोडेर, हटाएर वा परिवर्तन गरेर बन्ने नयाँ शब्द कथन<br>• कविता गीत लय हालेर गायन | • चित्र निर्माणका चरण वर्णन<br>• गति, यति र लय मिलाई सस्वर वाचन<br>• सङ्केत, चित्र, शीर्षक र पाठका विषयवस्तुको बोध<br>• पाठगत नयाँ शब्दको अर्थ पठन | • वस्तु पहिचान गरी नाम लेखन<br>• वाक्यको श्रुतिलेखन<br>• शब्दका वर्ण जोडेर, हटाएर वा परिवर्तन गरेर बनेका नयाँ शब्द लेखन<br>• छ्यासमिसे गरिएको विधिलाई क्रमबद्ध लेखन | १४ |
| **हाम्रो पेसा र बजार** | स्थानीय पेसागत काम | • विभिन्न पेसाहरूका नाम कथन<br>• समुदायका मानिसले गरिरहेका पेसासम्बन्धी संवाद र प्रश्नोत्तर<br>• मनपर्ने पेसाबारे छलफल<br>• श्रव्य सामग्रीको श्रुति र बोध | • चित्र हेरी क्रमबद्ध वर्णन<br>• लेख्यचिह्नको आधारमा गति, यति र लय मिलाई पाठ पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको पहिचान, पठन अर्थबोध<br>• सूचनामूलक सामग्रीबाट विषयवस्तुको बोध | • पाठगत प्रश्नोत्तर लेखन<br>• चित्र तथा आकृति निर्माण र रङभरण<br>• अनुच्छेदको अनुलेखन<br>• वाक्यमा उपयुक्त लेख्यचिह्नको प्रयोग<br>• निर्धारित विषयवस्तु बोध गरी आफ्नो शब्दमा लेखन | १२ |
| **हाम्रो स्वास्थ्य** | शारीरिक सरसफाइ र स्वस्थ क्रियाकलाप | • विभिन्न अङ्गहरूको सफाइको तरिका वर्णन<br>• सुनेका शब्दको उल्टो अर्थ दिने शब्द कथन<br>• चित्रका आधारमा अभिनय<br>• स्वस्थ रहन आवश्यक क्रियाकलाप<br>• चित्रका आधारमा मौखिक प्रश्नोत्तर | • हाउभावसहित शुद्धसँग सस्वर वाचन<br>• पाठमा प्रयुक्त नयाँ शब्दको पहिचान, पठन र अर्थबोध<br>• पाठमा प्रयोग भएका लेख्यचिह्नको पहिचान गरी शुद्धसँग पठन<br>• पाठमा समावेश भएका विषयवस्तुको बोध | • मानव शरीरका अङ्गहरूको नाम लेखन<br>• शारीरिक सरसफाइ सम्बद्ध क्रियाकलापको सूची निर्माण<br>• पाठगत प्रश्नोत्तर लेखन<br>• अनुच्छेदको आवश्यक ठाउँमा उपयुक्त लेख्यचिह्नको प्रयोग | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| **सूचना तथा सञ्चार प्रविधि** | सूचना प्रविधि तथा सञ्चारका साधनको प्रयोग | • श्रव्यदृश्य सामग्री प्रयोग गरी बालगीत श्रवण र अनुकरण<br>• श्रव्यदृश्य सामग्रीको प्रयोग बारेमा वर्णन<br>• शिक्षकको अभिनय पहिचान गरी शब्द भन्न<br>• सञ्चार प्रविधिहरूका बारेमा छलफल | • चित्र वर्णन<br>• गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• पाठमा प्रयुक्त नयाँ शब्दको पहिचान, पठन र अर्थबोध<br>• पाठगत विषयवस्तुको बोध | • पाठगत प्रश्नोत्तर लेखन<br>• खाली ठाउँमा सही उत्तर छानी लेखन<br>• शब्दको अर्थसँग जोडा मिलान<br>• अनुभव वर्णन<br>• उस्तै उस्तै ध्वनि सुनिने वर्ण वा शब्द भएका वाक्यको श्रुतिलेखन | १४ |
| **खेलकुद** | • परम्परागत खेल र सामग्री | • खेलको अभिनय<br>• खेल विधि सुनेर खेल पहिचान<br>• उस्तै उस्तै अर्थ लाग्ने फरक फरक शब्दको शुद्ध उच्चारण तथा अर्थबोध<br>• पदसङ्गतियुक्त वाक्य भरण<br>• एउटै हिज्जेमा लेखिएका शब्दलाई वाक्यअनुसार फरक फरक लयमा उच्चारण | • चित्र हेरी खेल पहिचान<br>• गति, यति र लय मिलाई सस्वर वाचन<br>• पाठको नयाँ शब्दको अर्थ पठन<br>• खेल अनुभव वर्णन | • खेल सामग्रीहरूको चित्र निर्माण<br>• पाठगत प्रश्नोत्तर लेखन<br>• विषयवस्तुका आधारमा शब्दभरण र वाक्य पुरण<br>• उपयुक्त लेख्यचिह्न प्रयोग गरी लेखन अभ्यास | १२ |
| जम्मा | | | | | १६० |

कक्षा : ३

| **विषयक्षेत्र** | **विषयवस्तु** | **सुनाइ र बोलाइ** | **पढाइ** | **लेखाइ** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | • परिवारमा आफ्नो दायित्व | • दुईओटा शब्द मिलेर बनेका संयुक्त शब्दको पहिचान र उच्चारण<br>• शब्द सुनेर अर्थ कथन<br>• सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान तथा उच्चारण<br>• कुराकानी, संवाद र प्रश्नोत्तर<br>• पाठमा आधारित जिज्ञासा प्रस्तुति | • चित्र हेरी हाउभाउसहित वर्णन<br>• संयुक्त शब्द पठन<br>• गति, यति र लय मिलाई निर्धारित पाठ सस्वर वाचन<br>• पाठका नयाँ शब्दको अर्थ पठन<br>• विधागत पाठको विषयवस्तु पठन र बोध | • पाठगत प्रश्नोत्तर लेखन<br>• शब्द जोडेर लेखन<br>• खाली ठाउँ भरण<br>• अनुच्छेदको अनुलेखन<br>• शब्दको अर्थसँग जोडा मिलान<br>• परिवारमा आफ्नो कामको जिम्मेवारीको लिखित वर्णन<br>• सचित्र वर्णन | १४ |
| मेरो दैनिकी | • दैनिक समय<br>• दैनिक कार्य | • हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति<br>• लेख्यचिह्नका आधारमा हुने उच्चारणगत भिन्नता र प्रयोग | • चित्रको वर्णन<br>• गति, यति र लय मिलाई पाठ पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान, पठन र अर्थबोध<br>• पाठमा आधारित जिज्ञासा प्रस्तुति | • दैनिक समय (प्रहर) र सोसँग सम्बन्धित कार्य जनाउने शब्दको सूची निर्माण र प्रयोग<br>• सरल वाक्य निर्माण | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • दैनिक रूपमा गरिने क्रियाकलापका बारेमा छलफल तथा प्रश्नोत्तर<br>• बालगीत र बालकविता गायन<br>• शिक्षकले भनेका शब्दको उल्टो अर्थ लाग्ने शब्द कथन<br>• दैनिक समय (प्रहर) जनाउने शब्दको मौखिक वाक्यमा प्रयोग | • पाठगत विषयवस्तुको पठन र बोध | • पाठगत पात्र तथा सन्दर्भ परिवर्तन गरी पुनःलेखन<br>• अनुच्छेदको अनुलेखन<br>• प्रत्यय लागेका शब्दको श्रुतिलेखन | |
| मेरो विद्यालय | • विद्यालय क्रियाकलाप | • कक्षाकोठाका नियमका बारेमा मौखिक छलफल<br>• हलन्त र संयुक्त व्यञ्जन वर्णको वर्णगत ध्वनि तथा उच्चारण अभ्यास<br>• संवेगात्मक अभिव्यक्ति (आश्चर्य, खुसी, उत्सुकता र चिन्ता) र प्रतिक्रिया<br>• शिक्षकको सहयोगमा वाक्यको पदसङ्गति मिलाई वाचन<br>• पाठमा आधारित जिज्ञासा प्रस्तुति<br>• श्रव्य सामग्रीको श्रुति र बोध | • विद्यालय सेवा क्षेत्रका थारूभाषी समुदायको नक्सा अध्ययन<br>• अनुच्छेद पठन तथा अभिनय<br>• पाठमा प्रस्तुत सन्दर्भका आधारमा आफ्नो विद्यालयसँग तुलना<br>• पाठमा समावेश भएका शब्दको पठन र अर्थबोध<br>• पाठगत विषयवस्तुको पठन र बोध | • विद्यालयमा गरिने क्रियाकलापको सूची लेखन<br>• पाठमा आधारित प्रश्नोत्तर<br>• सरल वाक्य लेखन<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित लेखन<br>• लेख्यचिह्नको प्रयोग गरी लेखन अभ्यास<br>• पाउविन्दु र योजकको प्रयोग गरी शब्द लेखन | १४ |
| हाम्रो समुदाय र संस्कृति | • संस्कृति अनुसार वेषभूषा | • पाठगत नयाँ शब्दको पहिचान र उच्चारण<br>• संयुक्त शब्दको पहिचान र उच्चारण<br>• चाडपर्व तथा कार्यक्रमअनुसार वेषभूषाका बारेमा अनुमान र मौखिक वर्णन<br>• हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति र अनुकरण<br>• श्रव्य सामग्रीको श्रुति र बोध | • गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• स्थानीय वेषभूषासम्बन्धी छलफल र प्रश्नोत्तर<br>• पाठमा प्रयुक्त नयाँ शब्दको पहिचान, पठन र अर्थबोध<br>• संयुक्त शब्द पठन<br>• पाठमा आधारित मौखिक प्रश्नोत्तर | • पाठमा आधारित बोध प्रश्नोत्तर<br>• पात्र वा शीर्षक परिवर्तन गरी पुनर्लेखन<br>• पाठमा प्रयुक्त शब्दहरूको अर्थसँग जोडा मिलान<br>• आफ्नो वेषभूषाका बारेमा छोटो अनुच्छेद लेखन<br>• वेषभूषासम्बन्धी चित्र लेखन<br>• चन्द्रविन्दु र योजकको प्रयोग गरी शब्द लेखन | १५ |
| स्थानीय प्रविधि | • आधुनिक प्रविधिका साधन | • आधुनिक प्रविधिका साधनसम्बद्ध शब्दको पहिचान र उच्चारण<br>• चित्रका आधारमा प्रश्नोत्तर र छलफल<br>• प्रविधिका साधनबिच तुलना | • चित्रका माध्यमबाट परम्परागत र आधुनिक प्रविधिबिच तुलना<br>• गति, यति र हाउभाउसहित शुद्धसँग सस्वरवाचन | • प्रश्नोत्तर लेखन<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित र स्वतन्त्र लेखन | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • घरमा प्रयोग आधुनिक प्रविधिका साधनका बारेमा मौखिक वर्णन | • पाठमा प्रयुक्त नयाँ शब्दको पहिचान, पठन र अर्थबोध<br>• पाठका आधारमा प्रश्नोत्तर | • विषयवस्तुका आधारमा शब्द भरण र वाक्य पूरण<br>• प्रत्यय लागेका शब्दको श्रुतिलेखन | |
| वातावरण | • मौसम | • पाठमा प्रयुक्त शब्दको पहिचान र उच्चारण<br>• मौसमसम्बन्धी कुराकानी र छलफल<br>• मौसमसम्बन्धी चित्र वर्णन<br>• श्रव्य सामग्रीका आधारमा श्रुति र बोध | • चित्रका आधारमा मौसमको अनुमान र वर्णन<br>• गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• पाठमा प्रयुक्त नयाँ शब्दको पहिचान, शुद्ध पठन र अर्थबोध<br>• मौसम अवलोकन र अनुमान<br>• प्रत्यय लागेका शब्द प्रयोग भएका वाक्य पठन | • प्रत्यय लागेका शब्द प्रयोग भएका  वाक्यको श्रुतिलेखन प्रश्नोत्तर लेखन<br>• शब्द अर्थको जोडा मिलान<br>• खाली ठाउँमा मिल्ने शब्दभरण र वाक्य पूरण<br>• घर र विद्यालय वरपरको वातावरण झल्कने चित्र बनाइ रङभरण | १४ |
| मेरो सिर्जना | • स्थानीय सङ्गीत सामग्री | • स्थानीय वाद्य बाजाको नाम सुनेर उच्चारण<br>• चित्रका आधारमा प्रश्नोत्तर<br>• बाजाका आवाज सुनाइ र अभिनय<br>• उस्तै हिज्जे भएका शब्दको भावअनुसार अलग अलग उच्चारण | • पूर्वज्ञान/अनुभवअनुसार विषयवस्तुको वर्णन<br>• चित्रका आधारमा बाजाको नाम कथन<br>• बालगीत र कविताको अनुप्रासयुक्त पठन<br>• पाठमा प्रयोग भएका नयाँ शब्दको पहिचान, शुद्ध पठन र अर्थबोध<br>• अनुच्छेद पठन र बोध प्रश्नोत्तर | • बाजाहरूको नामको सूची लेखन<br>• बाजासम्बन्धी शब्दको श्रुतिलेखन<br>• पदसङ्गति (लिङ्ग र वचन) मिलाई वाक्य लेखन र परिवर्तन<br>• चित्रका आधारमा वाक्य लेखन<br>• बाजाका बारेमा छोटो अनुच्छेद लेखन | १५ |
| हाम्रो पेसा र बजार | • सामुदायिक पेसा र बजार | • पेसासम्बद्ध शब्दको पहिचान र उच्चारण<br>• हलन्त लागेका शब्दको उच्चारण<br>• पेसा सुनेर कामको अनुमान<br>• आफूलाई मन पर्ने कामको वर्णन<br>• पेसा र बजारसम्बन्धी चित्र वर्णन | • चित्रका आधारमा कुराकानी र छलफल<br>• गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• पाठमा प्रयुक्त नयाँ शब्द पहिचान, शुद्ध पठन र अर्थबोध<br>• विभिन्न वाक्य संरचनामा लेखिएका वाक्य बोध र पठन<br>• पाठमा आधारित जिज्ञासा प्रस्तुति | • बोध प्रश्नोत्तर लेखन<br>• समान अर्थ दिने, उल्टो अर्थ र भिन्न भिन्न अर्थ दिने शब्दार्थ लेखन<br>• पदसङ्गति (पुरुष र आदर) मिलाई वाक्य लेखन र परिवर्तन<br>• अनुच्छेदको श्रुतिलेखन<br>• स्वतन्त्र अनुच्छेद लेखन<br>• शब्द भरण र वाक्य पूरण | १५ |
| हाम्रो स्वास्थ्य | • स्वस्थवर्धक खानेकुरा | • दैनिक प्रयोगमा आउने खानेकुरासम्बद्ध शब्दको पहिचान र उच्चारण | • चित्रका आधारमा स्वास्थ्य अवस्थाको अनुमान | • प्रश्नोत्तर लेखन<br>• अनुच्छेदको श्रुतिलेखन | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • खाद्य चित्र/खाद्य चार्टका आधारमा प्रश्नोत्तर<br>• पूर्वअनुभव तथा अनुमानका आधारमा छलफल तथा अन्तरक्रिया<br>• समय कालअनुसारको घटना वर्णन | • गति, यति र लय मिलाई शुद्धसँग सस्वर वाचन<br>• पाठमा प्रयोग भएको पाउविन्दु र चन्द्रविन्दु लागेका शब्द पहिचान र पठन<br>• विभिन्न वाक्य संरचनामा लेखिएका वाक्य बोध गरी पठन<br>• लेख्यचिह्न (प्रश्नवाचक, अल्पविराम, पूर्णविराम र विस्मयादिबोधक) बमोजिम अनुच्छेदको शुद्ध पठन | • पदसङ्गति (वचन, पुरुष, लिङ्ग, आदर) मिलाई वाक्य लेखन<br>• वाक्यमा उपयुक्त क्रियापद भरण<br>• लेख्यचिह्न (प्रश्नवाचक, अल्पविराम, पूर्णविराम र विस्मयादिबोधक) प्रयुक्त अनुच्छेदको श्रुतिलेखन<br>• वाक्य संरचना सुनेर घटना समय (घटी सकेको, भर्खर घटेको वा घटना बाँकी) लेखन | |
| सूचना तथा सञ्चार प्रविधि | • सूचना प्रविधि र सञ्चार माध्यम | • सूचना प्रविधि र सञ्चार माध्यमसम्बद्ध शब्दको पहिचान र उच्चारण<br>• हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान र उच्चारण<br>• सूचना सञ्चार माध्यमका बारेमा कथन<br>• चित्रका आधारमा छलफल तथा अन्तरक्रिया<br>• समय कालअनुसारको घटना वर्णन | • सूचना तथा सञ्चार माध्यमको चित्र वर्णन<br>• लेख्यचिह्नबमोजिम वाक्य पठन<br>• पाठको नयाँ शब्दको पहिचान, शुद्ध पठन र अर्थबोध<br>• फरक फरक वाक्य संरचनाका वाक्यभेद हुने गरी तुलना<br>• अनुच्छेदमा आधारित बोधका क्रियाकलाप<br>• बाल शब्दकोशको प्रयोगको अभ्यास | • सूचना प्रविधिका साधनहरुको सूची लेखन<br>• संवादको अनुलेखन<br>• संयुक्त वर्ण, द्वित्व प्रयोग भएका शब्दको श्रुतिलेखन<br>• चित्रका आधारमा छोटो अनुच्छेद लेखन<br>• वाक्य संरचना सुनेर घटना समय (घटी सकेको, भर्खर घटेको वा घटना बाँकी) लेखन | १५ |
| खेलकुद | • मौलिक खेल | • मौलिक खेलसम्बद्ध शब्दको पहिचान र उच्चारण<br>• खेल सामग्रीहरूको नाम उच्चारण<br>• खेलको नामअनुसार प्रयोग अभिनय<br>• कुनै दुई खेलबिच तुलना<br>• खेल अवलोकन र वर्णन<br>• समय कालअनुसारको घटना वर्णन | • खेल सामग्रीको चित्रपत्ति पठन<br>• हाउभाउ, शुद्धसँग द्रुत तथा सस्वर पठन<br>• विभिन्न वाक्य संरचनाअनुसारको पठन<br>• पाठ पढेर मौखिक प्रश्नोत्तर<br>• बाल शब्दकोशको प्रयोगको अभ्यास | • लेख्यचिह्न (प्रश्नवाचक, अल्पविराम, पूर्णविराम र विस्मयादिबोधक) प्रयुक्त अनुच्छेदको श्रुतिलेखन<br>• शब्दको वाक्यमा प्रयोग<br>• पाठमा आधारित प्रश्नोत्तर<br>• वाक्य संरचना सुनेर घटना समय (घटी सकेको, भर्खर घटेको वा घटना बाँकी) लेखन | १५ |
| जम्मा | | | | | १६० |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

भाषा शिक्षण मूलतः सिपमूलक विषय हो । भाषिक सिपमा दुई ओटा पक्ष हुन्छन्: ग्रहण र अभिव्यक्ति । ग्रहण सिपभित्र सुन्ने र पढ्ने सिप पर्छन् भने अभिव्यक्ति सिपभित्र वाक् (बोल्ने) र लेखाइ सिप पर्छन् । त्यसैले भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । यसरी भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने माध्यम हो । त्यसैले भाषा शिक्षण गर्दा विषयवस्तुभन्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासमा जोड दिनुपर्छ । तर पनि भाषिक सिप शिक्षणका क्रममा गरिने उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि पनि विषयवस्तु नै प्रमुख माध्यम हो भन्ने कुरा बिर्सनु हुन्न । त्यस्तै भाषा शिक्षणमा व्याकरणका नियम आदि सैद्धान्तिक ज्ञानमा जोड नदिएर कार्यमूलक (अभ्यासमूलक) व्याकरण शिक्षणमा जोड दिइनुपर्छ ।

भाषाका सिपहरूमा अभ्यास जति गऱ्यो उत्ति नै बढी सिक्ने हुँदा विद्यार्थीलाई नै बढीभन्दा बढी बोल्न, पढ्न र लेख्न अभ्यास गराउनुपर्छ । भाषा शिक्षण गर्दा पाठ्यवस्तुको स्वरूप र प्रकृतिअनुसार उच्चारण, शब्द, हिज्जे, वाक्य गठन र विधागत पाठहरूको आधारमा उपयुक्त शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । भाषा शिक्षण गर्दा बढीभन्दा बढी विद्यार्थीलाई प्रयोग र अभ्यास निरन्तर गराउन त्रुटि निराकरणको विधि प्रयोगमा ल्याउनुपर्छ । अर्थात् विद्यार्थीका कमीकमजोरी र त्रुटि पहिचान गरी त्यस्ता त्रुटि क्षेत्र न्यून गर्न सिकाइलाई बारम्बार दोहोऱ्याई तिनको निराकरण गर्नुपर्छ ।

यो पाठ्यक्रमले थारू भाषा सञ्चार तथा अभिव्यक्तिमा निपूणतातर्फ उन्मुख गराउन प्रेरित गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा विशेषतः “गरेर सिक” को सिद्धान्तअनुसार थारू भाषा विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गरेको छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गर्छ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटनाक्रम मिलाउने, वादविवाद, छलफल, तुलना, अनुमान जस्ता कार्यकलाप गराइएको छ । यस्तै कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलेखन भाव पहिचान, भावार्थ र भाव विस्तार, अनुकरणात्मक र सिर्जनात्मक लेखन, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, वचन, आदर, काल, भाव आदि विभिन्न वाक्य कोटिअनुसारका छोटा वर्णनजस्ता पक्षमा जोड दिन आवश्यकता महसुस गरेको छ । यस क्रममा स्थानीय भाषिक खेल, स्थानीय संस्कृति, प्रविधि, पेसा, रीतिस्थिति तथा चाडपर्व जस्ता ज्ञानलाई बोध गराउने, तिनको सम्मान गर्ने र त्यसप्रति गर्व गर्ने सिप विकास गराउने क्रियाकलापलाई विशेष रूपमा जोड दिइएको छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन थारू भाषा विषयमा समावेश गरिएका विषयक्षेत्रलाई भाषिक सिप तथा कार्यमूलक व्याकरणका आधारमा एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराइएको छ ।

कुनै पनि भाषाको विशेष किसिमको विशेषता हुने गर्छ । ती विशेषताहरूलाई पाठ्यक्रममा सम्बोधन गर्नुपर्ने हुन्छ । तसर्थ थारू भाषामा रहेका केही विशेषता जस्तै चन्द्रविन्दु, पाउविन्दु, महाप्राण, द्वित्व र पदसङ्गति जस्ता मौलिक विशेषतालाई यो पाठ्यक्रमले समेटेको छ ।

थारू मातृभाषा विषयका सक्षमता र सिकाइ उपलब्धि हासिल गर्न निम्नानुसारका सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा आधारित भई क्रियाकलाप निर्धारण गर्दा सान्दर्भिक हुने देखिन्छ :

| क्र.स. | विधि | प्रक्रिया | प्रयोग हुने प्रमुख भाषिक सिप |
|---|---|---|---|
| १ | प्रदर्शन विधि | • विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन<br>• उच्चारणगत शैली अनुकरण<br>• नयाँ सन्दर्भ, परिवेश र शब्दको पहिचान<br>• धारणा निर्माण<br>• विचार आदानप्रदान तथा प्रस्तुति<br>• प्रश्न उत्तर र छलफल<br>• विषयवस्तुको बर्णन<br>• निष्कर्ष | सुनाइ तथा बोलाइ (श्रव्य/दृश्यबोधसहित) |
| २ | प्रयोग विधि | • मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति<br>• विद्यार्थीद्वारा सहअभ्यास<br>• निर्धक्क (स्वतन्त्र) प्रयोग | सबै भाषिक सिप |
| ३ | सोधपुछ विधि | • शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान<br>• मौखिक भाषाको उपयोग<br>• उपकरणको प्रयोग<br>• कुराकानी<br>• छलफल र निष्कर्ष | सुनाइ तथा बोलाइ |
| ४ | सवालजवाफ विधि | • नमुना प्रदर्शन र सहअभ्यास<br>• तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायत विषयक्षेत्रमा आधारित सवाल र जवाफ निर्माण तथा प्रयोग<br>• व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण | सबै भाषिक सिप |
| ५ | स्वध्ययन | • सामग्री छनोट<br>• अध्ययन<br>• धारणा वा विचार निर्माण<br>• सन्दर्भगत उपयोग | पढाइ |
| ६ | कथाकथन/गीत | • लयात्मक शब्द बोध<br>• पात्र, घटना, कार्यलगायतको बोध<br>• सार निर्माण<br>• पुन कथन<br>• पात्र, स्थान आदिको निर्माणबाट नयाँ पाठ निर्माणको अभ्यास | सबै भाषिक सिप |
| ७ | खोज वा परियोजना | • भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति<br>• खोजकार्य वा तरिकाबारे छलफल<br>• विद्यार्थीद्वारा खोज (निर्देशित वा स्वतन्त्र)<br>• प्रस्तुति र छलफल<br>• पृष्ठपोषण | लेखाइ (शब्द भण्डार र बोधसहित) |
| ८ | अन्तरक्रिया | • छलफलको योजना र तयारी<br>• सामुहिक छलफल सञ्चालन वा समूह विभाजन | सुनाइ तथा बोलाइ सिप |

| | | | |
|---|---|---|---|
| | | • समूह विभाजन भए कार्यसूची बाँडफाँट र कार्य सञ्चालन<br>• प्रस्तुतीकरण<br>• तुलना, विश्लेषण र मूल्याङ्कन<br>• निष्कर्ष | |
| ९ | अभिनय विधि | • योजना निर्माण (उद्घोषण, भूमिका अभिनय वा नाटकीकरण)<br>• विषयक्षेत्र/शीर्षक/नाटक/पात्र/घटनाको छनोट<br>• प्रस्तुति (व्यक्तिगत वा सामूहिक)<br>• भाषाशैलीको छनोट तथा उपयोग<br>• छलफल र मूल्याङ्कन<br>• पृष्ठपोषण | सुनाइ तथा बोलाइ सिप |
| १० | सिर्जनात्मक कार्य | • चित्र वा आकृति निर्माण<br>• निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना | बोलाइ र लेखाइ सिप |
| ११ | भ्रमण/अवलोकन | • शैक्षिक उद्देश्यसँग सम्बन्धित स्थानको स्थलगत अवलोकन<br>• निरीक्षण र खोज<br>• सोधपुछ, सवालजवाफ र छलफल<br>• निष्कर्ष | लेखाइ सिप<br>दृश्यबोध/श्रुतिबोधसहित) |

# ६. विद्यार्थी मूल्याङ्कन

आधारभूत तह कक्षा १-३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेबमोजिम निर्माणात्मक मूल्याङ्कन प्रक्रियालाई कार्यान्वयनमा ल्याउनुपर्छ। यो मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा अङ्गीकार गरी विद्यार्थीको सिकाइ सुधारका निम्ति निरन्तर रूपमा सञ्चालन गर्नुपर्छ । प्रत्येक बालबालिकाको सिकाइ अवस्थाको प्रमाणलाई कार्यसञ्चयिका फाइलमा व्यवस्थित गरी राख्नुपर्छ । कार्यसञ्चयिका फाइलमा विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा व्यावहारिक परिवर्तनको अवलोकन र सोको अवस्था, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा हरेक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्य सञ्चालनको अभिलेख उल्लेख गर्नुपर्छ। यही तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ। दैनिक रूपमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतः निम्नानुसार हुने छ :

(क) मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

(ख) सिकाइ उपलब्धि र तिनको विस्तृत विवरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

(ग) दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा तोकिएका न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्न सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

(घ) विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे नगरेको परीक्षण गर्नुपर्छ ।

(ङ) विद्यार्थीहरूको सिकाइ मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग र सिर्जनालगायतका क्षमता परीक्षण गर्नु उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

(च) मूल्याङ्कनका क्रममा आवश्यक व्यावहारिक सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकताअनुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

(छ) मूल्याङ्कनपछि विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक सिकाइ सहजीकरणको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ। पटक पटकको सकारात्मक सिकाइ सहजीकरण प्रक्रियाबाट पनि सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीमा उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

(ज) मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण भएको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ ।

(झ) विद्यार्थीलाई स्वमूल्याङ्कन र प्रतिविम्बन गर्न, सिकाइ सुधारको आवश्यकता र उपाय पहिचान गर्न शिक्षक अभिभावकले प्रेरित गर्नुपर्छ ।